# दोरम्बा शैलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल ।

प. सं. : -२०८०/०८१
च.नं. :-

मिति:२०८१/०८/०७

**योजना सम्झौता सम्बन्धी सूचना ।।।**

यस दोरम्बा शैलुङ गाउँपालिकाको आ.ब.२०८१/२०८२ को योजना तथा कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्न गराउन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आ.व. २०८१/२०८२ को योजना तथा कार्यक्रमहरुको सम्झौता शुरु गरिसकेको र मिति २०८१/०८/१५ भित्र सम्झौता गरिसक्नु पर्नेछ ।
२. आयोजना सम्झौताको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरि कार्यालयमा पेश गर्नुपर्नेछ । संस्थागत रुपमा पूर्वाधार निर्माणको हकमा सम्बन्धित जग्गाको सुनिश्चित भएको कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।
३. प्राविधिक लगत ईस्टिमेट, सम्झौता तथा कार्य आदेश विना कार्य गरेमा भुक्तानी दिन यस कार्यालय बाध्य हुने छैन ।
४. २०८२ जेठ मसान्त भित्र भुक्तानीको लागि आवश्यक कागजात पेश गरि सक्नुपर्नेछ ।
५. सम्झौता भएको २१ दिन पछि मात्र योजनाको भुक्तानी हुने तर सम्झौता भएको तीन महिना भित्र भुक्तानीको लागि संलग्न सम्पूर्ण कागजातहरु कार्यालयमा पेश गरि सक्नुपर्नेछ ।
६. आयोजना सञ्चालनको लागि आयोजना किताब लागू गरिएको हुँदा सो किताब बापत रु.५००।– वडा/गाउँपालिका कार्यालयमा जम्मा गरि प्राप्त गर्न सकिनेछ। आयोजना किताबमा उल्लेखित कागजात तथा प्रक्रिया बमोजिम नै आयोजना सञ्चालन तथा फरफारक गर्न गराउनुपर्नेछ ।
७. योजनाबाट प्रत्यक्ष लाभ लिने उपभोक्ताहरुको आम भेला गरि बस्तीस्तरमा उपभोक्ता समिति गठन गरेको हुनुपर्नेछ र योजना सम्झौता गर्न आउँदा उक्त भेला सहितको फोटो अनिवार्य पेश गर्नुपर्नेछ। कम्तिमा ३३ प्रतिशत महिला एउटा प्रमुख पद सहित २५ जना भन्दा माथिको नागरिकताको नाम बमोजिमको उपस्थिति, जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा उपभोक्ता समिति गठन भएको, कम्तिमा ७ दिन अगावै स्वीकृत योजनाको नाम सहित समिति गठनको लागि वडाले स्थान, समय र मिति सहितको सूचना निकालेको, माईन्यूट शीर्षक अनुसार शुद्ध र केरमेट नभएको, समितिको पदाधिकारीहरु स्थायी नियमित बसोबास भईरहेको हुनुपर्नेछ ।
८. स्वीकृत आयोजनामा खटिएको भनि डोर हाजिरमा उल्लेखित श्रमिकहरुको नागरिकताको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।
९. उपभोक्ता समिति गठन भई योजना कार्य गर्दा प्राविधिकको सिफारिश अनिवार्य लिनुपर्नेछ । अन्यथा मान्य हुने छैन ।
१०. दोरम्बा शैलुङ गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तया व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ अनुसार उपभोक्ता समिति गठन तथा सञ्चालन गर्नुपर्नेछ ।

Website: www.dorambamu.gov.np

Email:dorambamun@gmail.com

Scanned with CamScanner

११. दोरम्बा शैलुङ गाउँपालिका र बागमति प्रदेशको आर्थिक ऐन अनुसार अनिवार्य कर तिर्नुपर्नेछ ।

१२. उपभोक्ताहरुले बिलहरु पेश गर्दा जिल्ला दर रेट अनुसार पेश गर्नुपर्नेछ ।

१३. २,००,०००।-(दुई लाख) देखिको योजनाहरुले सूचना पाटी अनिवार्य लगाउनु पर्नेछ । भूक्तानीको लागि सोको फोटो पेश गर्नुपर्नेछ ।

१४. योजना शुरु हुनु भन्दा अगावै, काम भईरहेको र सम्पन्नको फोटोहरु पेश गर्नुपर्नेछ ।

१५. समिति गठन पश्चात बहुसंख्यक उपस्थितिबाट माईन्यूट (निर्णय पुस्तिका) को अन्त्यमा बन्द गरिएको हुनुपर्नेछ ।

१६. योजना भुक्तानीको लागि सम्पूर्ण कागजातहरु कार्यालयमा पेश भएको १५ दिन भित्र भुक्तानी दिइनेछ।

१७. थप जानकारीको लागि उपभोक्ता समिति गठन परिचालन तया व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ को फोटोकपी यसै साथ रहेको छ।

सबै जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु, राजनीतिक दल, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वयंसेविका, बुद्धिजिवी, समाजसेवी, भद्रभलादमी, आमाबुवा, दाजुभाइ, दिदीवहिनीहरुलाई योजना कार्यन्वयनमा सकारात्मक र रचनात्मक सहयोग गरि दिनु हुन अनुरोध गर्दछौ ।

थप जानकारी लागि

योजना शाखा प्रमुखः नेत्र बहादुर बस्नेत - ९८५१२७८९७३

प्राविधिक शाखा प्रमुखः मदन सुवेदी – ९८४८२४६९४७

..........................

समीर रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

समीर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

दोरम्बा शैलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल ।

प.सं.२०८१/८२                                                                 मिति २०८१।०८।०७

च.नं.

## योजना सम्झौताका लागि अनिवार्य चाहिने कागजात

१) आमभेलाको माईन्युट (उपस्थीति जनप्रतिनिधि/कर्मचारीको रोहवरमा),
२) प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेला बैठकबाट गठित उपभोक्ता समितिको निर्णयको प्रतिलिपि,
३) उपभोक्ता समितिको विवरण(अध्यक्ष,सचिव,कोषाध्यक्ष मध्ये १ जना महिला समेत ३३ प्रतिशत महिला अनिर्वाय),
४) उपभोक्ता समितिका पदाधिकारी एवं. सदस्यहरुको ना.प्र.प. को प्रमाणित प्रतिलिपि,
५) प्राविधिकले तयार गरेको योजनाको लागत अनुमान,
६) उपभोक्ता समितिको जिम्मेवारी बाडँफाडँ तथा बैंक खाता संचालन गर्ने निर्णय,
७) योजना सम्झौताका लागि वडा कार्यालयको सिफारिस पत्र,
८) उपभोक्ता समितिको अध्यक्षको निवेदन,
९) योजना अनुसारको उपभोक्ता समितिको नामाकरण र छाप,
१०) उपभोक्ता समितिले सम्पादन गनुपर्ने कामको विवरण तथा कार्यक्षेत्र उल्लेख गर्नुपर्नेछ,
११) योजना स्थलको तस्विर (कम्तिमा २ वटा),
१२ समिति गठन गर्दाको उपस्थितिको फोटो ।

## भुक्तानीको लागि अनिर्वाय आवश्यक कागजात

१) योजना सम्पन्न भएको उपभोक्ता समितिको निर्णय,
२) प्राविधिक मुल्याङकन र कार्य सम्पन्न प्रतिवेदन,
३) भुक्तानीको लागि वडा कार्यालयको सिफारिस पत्र,
४) वडा स्तरिय अनुगमन समितिको प्रतिवेदन,
५) आम्दानि खर्च ( आय - व्यय) सार्वजनिक गरेको निर्णय,
६) सार्वजनिक परिक्षण भएको निर्णय,
७) सार्वजनिक सुनुवाई भएको निर्णय,
८) गाउँपालिका स्तरिय योजना अनुगमन समितिको अनुगमन प्रतिवेदन,
९) योजना सञ्चालन भैरहेको र सम्पन्न पश्चातको २/२ प्रति फोटो । जसमा उपभोक्ता समितिको पदाधिकारीको तस्विर झल्किने गरि,
१०) आवश्यकता अनुसार प्रमाणित डोर हाजिर,
११) विल र भर्पाइहरु(२०,००० सम्मको लागि PAN BILL र सो भन्दा माथिको लागि VAT BILL),
१२)भुक्तानीका लागि उपभोक्ता समितिको अध्यक्षको निवेदन,
१३) प्राविधिकले तयार पारेको नापी किताव, उपभोक्ता सम्बन्धि बिल र सम्पन्न प्रतिवेदन,

Website: www.dorambamun.gov.np                    Email: ito.dorambamun@gmail.com

Scanned with CamScanner